दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - ६ संख्या - १५ मितिः २०७९।०६।१८

**भाग - २**

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति | २०७९।०६।१२ |

# दुहुँ गाउँपालिकामा एक वडा एक उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०७९

**१. पृष्ठभूमि**

दुहँ गाउँपालिकाको आ.ब. २०७९/८० को स्वीकृत बार्षिक नीति तथा कार्यक्रम "**एक वडा एक उत्पादन**" लाई प्रभावकारी कार्यान्वयन गरी गाउँपालिका भित्रमा कृषि क्षेत्रको आधुनिकिकरण , व्यवसायिकिकरण , उत्पादकत्व अभिबृद्धि र रोजगारी श्रृजना उत्पादन तथा गर्ने उद्धेश्यले "एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन कार्यविध, २०७९" तयार गरिएको छ।

**२. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा**

(१) यो कार्यविधिको नाम "एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ।

(३) विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यक्रम " भन्नाले एक वडा एक उत्पादन कार्यक्रम सम्झनु पर्दछ।

(ख) "एक वडा एक उत्पादन" भन्नाले स्थानिय सम्भाव्यताका आधारमा सम्भाव्य बाली/बस्तुको उत्पादन गर्ने यसै खण्डको (च) बमोजिमका क्षेत्रफल/संख्यामा रहेको गाउँस्तरमा संचालन गरेको साना व्यवसायिक उत्पादन केन्द्र सम्झनु पर्दछ।

(ग) "समिति" भन्नाले सम्बन्धित एक वडा एक उत्पादन संचालक समिति सम्झनु पर्दछ।

(घ) "छनौट समिति" भन्नाले यसै कार्यविधिको दफा ९ बमोजिमको छनौट समिति सम्झनु पर्दछ।

(घ) "प्राबिधिक समिति" भन्नाले यसै कार्यविधिको दफा १० बमोजिमको समिति सम्झनु पर्दछ।

(च) "व्यवसायिक बाली" भन्नाले कम्तिमा देहाय बमोजिमको खेती गरेको सम्झनु पर्दछ।

| बाली | क्षेत्रफल | | कैफियत |
|---|---|---|---|
| | ब्यक्तिगत | सामुहिक | |
| खाद्यान्न बाली | ५ रोपनी | १० रोपनी | क्षेत्रफलका बिषयमा समस्या देखिइमा प्राबिधिक समितिले स्थलगत अध्ययन गरी पेश गरेको प्रतिबेदनको सुझाव समेतलाई आधार मान्न सकिने छ। |
| तरकारी बाली | १ रोपनी | ५ रोपनी | |
| माछा | १०० वर्गमिटर | ५०० वर्गमिटर | |
| मौरी | १० घार | १०० घार | |
| सिताके च्याउ | २० मुडा | ५०० मुडा | |
| फलफूल | २ रोपनी | १०० रोपनी | |
| अलैची | १ रोपनी | ५ रोपनी | |
| अदुवा/वेसार | १ रोपनी | १० रोपनी | |
| ट्राउट माछा | १०० वर्गमिटर | ५०० वर्गमिटर | |
| प्लाष्टिक घर | १४४ बर्गमिटर | ७२० वर्गमिटर | |
| आलु | १ रोपनी | ५० रोपनी | |
| ओखर | १ रोपनी | १०० रोपनी | |
| सुन्तला | १ रोपनी | १०० रोपनी | |
| बाख्रा | २० वटा | १००० वटा | |
| कुखुरा | १०० वटा | १००० वटा | |
| गाई | ४ वटा | २० वटा | |
| भैसी | ४ वटा | २० वटा | |

**३. उद्देश्य**

कृषि क्षेत्रको आधुनिकीकण र ब्यवसायिकीकरणमा योगदान पुऱ्याउन एक वडा एक उत्पादन (पकेट) विकास गरी छनौट गरिएको बाली/बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्धि तथा रोजगारी श्रृजना गरी कृषकहरुको आम्दानी बृद्धि गर्नु यस कार्यक्रम संचालनको उद्देश्य रहेको छ।

**४. एक वडा एक उत्पादन निर्माण/छनौट/प्रक्रियाः**

**(१)** एक वडा एक उत्पादन क्षेत्र निर्माणका लागि देहायका सेवा /सुविधा/पूर्वाधारहरु भएको हुनु पर्नेछः

क) सडकको पहुँच भएको वा हुन सक्ने

ख) सिँचाईको उपलब्धता भएको वा हुनसक्ने

ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने

घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

ङ) वित्तीय संस्थाहरुको पहुँच भएको वा हुनसक्ने

च) कृषि सेवा केन्द्रसंगको पहुँच भएको

**(२)** यस परियोजना अन्तरगत प्रथम बर्ष अर्थात आ.ब.२०७९।०८० का लागि गाउँपालिकाका सबै ५ वडाहरुमध्ये उल्लेखित पूर्वाधारहरु भएको पकेटहरु संचालनमा रहनेछन । आगामी बर्षहरुमा सम्भाव्यता र मागका आधारमा पकेट संख्या बृद्धि गर्दै लगिने छ । पकेट कार्यक्रम संचालन गर्ने सम्बन्धमा गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

**(३)** अनुदान प्राप्त गर्न चाहाने ब्यक्ति/समूह/संस्था/फर्मले अनुसुची-२ बमोजिमको प्रस्ताव पेश गर्ने छ । समितिले अनुसुची-३ बमोजिम मूल्याङ्कन गर्नेछ ।

**५. एक वडा एक उत्पादन कार्यक्रम संचालन प्रक्रियाः**

**१. अनुदानग्राहीको भूमिकाः** (क) एक वडा एक उत्पादन कार्यक्रमका अनुदान लाभग्राही वा कार्यक्रमबाट अनुदान पाउन चाहाने ब्यक्तिले अनुसुची-२ बमोजिमको तोकिएको प्रक्रिया पुरा गरी गाउँ कार्यपालिकाको तोकिएको शाखामा प्रस्ताव समेत संलग्न राखी अनुदानका लागि आबेदन दिनु पर्नेछ ।

(ख) आवश्यक सहयोग गर्नुपर्नेः स्थानीय तहले निवेदन दिने व्यक्ति/समूह/संस्थालाई ऊ अनुदानका प्राप्त गर्न योग्य भए नभएको सम्बन्धमा थप जानकारी मागेमा वा निजले पेश गरेका कागतपत्र सम्वन्धमा सोधपुछ गर्न चाहेमा निजले लाभग्राहीले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(ग) तोकिएको काम गर्नुपर्नेः कार्यक्रमबाट अनुदानका लागि छनौट हुन सफल ब्यक्ति/समूह/संस्थाले प्रस्ताव गरे बमोजिमको सम्झौता गरेपश्चात तोकिएको काम अनिवार्य रुपमा गर्नुपर्नेछ ।

**६. स्थानीय तहः** (१) स्थानीय तहभित्रका आबेदकहरुको आबेदन संकलन, प्राबिधिक समितिले तोकेको मापदण्डहरुका आधारमा आबेदकहरुले पेश गरेको प्रशताव र स्थलगत प्रमाणिकरण (Field Varification) गरी प्रतिबेदन तयार गरी छनौट समितिमा पेश गर्ने/गराउनेछ । छनौट समितिको सिफारिसमा कार्यपालिकाले लाभग्राही छनौट गर्नेछ ।

(२) कार्यक्रमबाट सञ्चालन/कार्यान्वयन हुने अनुदान कार्यक्रममा कृषि, पशुसेवा अन्य उद्यम विकास सम्बन्धी उद्यमी सचेतीकरण, ब्यवसाय प्रबर्द्धन, प्राविधिक तालिम, परामर्श सम्बन्धित शाखा मार्फत हुनेछ ।

**७. अनुदान उपलब्ध गराउन सक्नेः** गाउँपालिकाले बार्षिक बजेट तथा कार्यक्रम बमोजिम छनौट भएका ब्यक्ति वा संस्थालाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

**८. अनुदानको सुचना र अनुदानग्राहीको छनौटः** (१) कार्यक्रम सञ्चालन गर्ने कार्यालयले बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार कार्यक्रमको तोकेका क्षेत्र अन्तरगतका व्यवसाय वा उद्यम गर्न चाहाने ब्यक्ति वा समूहसम्म सुचनाको पहँच पुग्ने गरी कम्तीमा १५ दिनको समयसीमा राखी आबेदन मागको लागि सार्वजनिक रुपमा सुचना प्रकाशन प्रसारण गर्नुपर्नेछ । उक्त आबेदन सम्बन्धी सुचनाको आह्वान हरेक बर्ष भाद्र मसान्त भित्र गरिसक्नु पर्नेछ । तर आ.ब. २०७९/०८० को हकमा २०७९ पौष मसान्त भित्र गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आबेदन आह्वान भए पश्चात इच्छुक ब्यक्ति वा समूह वा संस्थाले अनुसुची-२ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालय मार्फत गाउँपालिका अध्यक्षलाई सम्बोधन गरी गाउँ कार्यपालिकाको कार्यालयमा ब्यवसायिक योजना समेत संलग्न राखी निबेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त आबेदनहरु अध्ययन गरी स्थलगत प्रमाणिकरण गराई छनौटका लागि कार्यालयले दफा (९) बमोजिमको छनौट समितिमा पठाउनु पर्नेछ ।

(४) छनौट समितिले आबेदन दिएका ब्यक्ति वा समूह वा संस्था मध्येबाट ब्यवसायको क्षेत्र, व्यवसायिक योजना प्रस्तावको आधारमा अनुसुची-३ बमोजिम मापदण्ड अनुसार प्राप्त अंकको आधारमा अनुदान रकम र अनुदानग्राहीको सुची निर्माण गरिनेछ । यस क्रममा सम्बन्धित बिषयमा अध्ययन अनुसन्धान गरेका, सम्बन्धित क्षेत्रमा तालिम लिएका/कार्य अनुभव भएका र उद्यमसिलता सम्बन्धी तालिम लिएकालाई प्राथमिकता दिईने छ ।

(५) दफा (९) बमोजिमको छनौट समितिको सिफारिसमा कार्यालयले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**९. अनुदानग्राही छनौट समितिः** (१) गाउँपालिका स्तरमा अनुदानग्राहीको छनौट गर्न देहाय बमोजिमको छनौट समिति समितिको गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष- - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष- - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- - सदस्य

(घ) बिषयगत समिति संयोजक- - सदस्य

(ङ) गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य- -सदस्य

(च) सम्बन्धित महाशाखा/शाखा प्रमुख- -सदस्य-सचिव

(१) छनौट समितिले तोकिएको मापदण्ड पूरा गरेका ब्यक्ति/समूह/संस्थालाई एक वडा एक उत्पादन कार्यक्रम सञ्चालनका लागि छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम एक वडा एक उत्पादन कार्यक्रम छनौट/निर्माण गर्दा भौगोलिक तथा प्राविधिक सम्भाव्यता र माटोको उर्वराक्तिका आधारमा प्रत्येक वडामा तोकिएका बाली/बस्तुका पकेटहरु निर्माण गर्न चाहने कृषक समुह/कृषि कार्यमा संलग्न सहकारी/कृषि उद्यमीहरु/जल उपभोक्ता समितिको आवेदन माग गरी सूचि तयार गरिनेछ । सूचीकृतहरु मध्येबाट आवश्यक संख्यामा एक वडा एक वडा एक उत्पादन कार्यक्रम छनौटका लागि गाउँस्तरमा सम्बन्धित विषय विशेषज्ञ वा तोकिएको प्राविधिकको संयोजकत्वमा आवश्यकता अनुसार सदस्यहरु रहने एक प्राविधिक कार्यदल बनाईनेछ । उक्त कार्यदलले तोकेका सूचकहरु र स्थलगत प्रमाणिकरण समेतका आधारमा सिफारिश गरे अनुरुप पकेट क्षेत्रको छनौट गाउँ कार्यपालिकाले गर्नेछ । संचालन गरिने कार्यक्रमका सम्बन्धमा दुहुँ गाउँपालिका स्थित कृषि विकास/पशुविकास शाखाको समन्वयमा सम्बन्धित एक वडा एक उत्पादन संचालक समितिले सम्बन्धित उत्पादन क्षेत्रका कृषक/कृषक समूह/कृषि सहकारी/ जल उपभोक्ता समिति/कृषि उद्यमीहरुको मागमा आधारित कार्यक्रमहरुको प्रस्तावना तयार गरी सोही बमोजिम सम्झौता गरिने छ ।

(३) एक वडा एक उत्पादन कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि कुनै संस्था/सहकारीलाई समेत सम्झौता गरी परिचालन गर्न सकिनेछ ।

**१०. प्राबिधिक समितिः** एक वडा एक उत्पादन कार्यक्रमलाई प्राबिधिक सेवा पुऱ्याउन एक प्राबिधिक समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको ब्यवसाय विकास सम्बन्धी बिज्ञ - सदस्य

(ख) कृषि/पशु विकास शाखा प्रमुख - सदस्य-सचिव

**११. प्राबिधिक समितिको कार्यः** (१) एक वडा एक उत्पादन कार्यक्रमका लागि गठित प्राबिधिक समितिले आयोजनाको सम्भाब्यता अध्ययन गरी प्रतिबेदन पेश गर्नेछ । प्रतिबेदन पेश गर्दा एक वडा एक उत्पादनका लागि बिशेष उत्पादन, उत्पादनको सम्भावना , सबल पक्ष तथा सुधार गर्नुपर्ने पक्ष र निष्कर्ष समेत राखेर प्रतिबेदनको ढाँचा तयार गरी छनौट समितिमा पेश गर्ने छ ।

**१२. अनुदानको सीमाः** (१) गाउँपालिकाबाट ब्यक्ति वा संस्था वा समूहलाई उपलब्ध गराईने अनुदान रकम कूल लागतको पचास प्रतिशत वा प्राबिधक समितिको सिफारिस समेतलाई आधार मान्नुपर्ने हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत साझेदारी हुन सक्ने आयोजनामा सम्बन्धित पक्षको समेत राय लिन सकिनेछ।

**१३. अनुदान रकमको निर्धारणः** कार्यालयले बार्षिक विनियोजित बजेटको सीमाभित्र रही छनौट समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम निर्धारण गर्नेछ।

**१४. अनुदानग्रहीसँग सम्झौता गर्नुपर्नेः** (१) कार्यालयले छनौट भएका लाभग्राही ब्यक्ति वा समूह वा संस्थालाई दिइने अनुदान रकमको निर्धारण भएपश्चात अनुसुची-१० बमोजिम अनुदानग्राहीसँग सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्ने समय, कार्य सम्पन्न गर्ने समय, अनुदान रकम भुक्तानी हुने बैंकको शाखा कार्यालय, आवधिक रुपमा कार्य सम्पन्न गर्नुपर्ने बिषय र सो को अनुदान उपलब्ध हुने समय तालिका अनिवार्य रुपमा उल्लेख हुनुपर्नेछ।

**१५. एक वडा एक उत्पादन सञ्चालन समितिः (१)** एक वडा एक उत्पादन संचालनका सम्बन्धमा गाउँपालिकासँगको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने सम्बन्धमा स्थापना भएको एक वडा एक उत्पादन क्षेत्रको व्यवस्थापनका लागि सम्बन्धित कृषक समूह/सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय एक वडा एक उत्पादन (पकेट) संचालक समिति गठन गरिनेछ। यसको लागि पकेट क्षेत्र छनौट भएपछि पकेट भित्र रहेका कृषक ब्यक्ति/समूह/सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समितिहरुलाई संचालक समिति गठनको लागि ७ दिनको म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानीय संचार माध्यम मार्फत आब्हान गरिनेछ। कार्यदलको सिफारिश अनुसार एक भन्दा बढी आवेदकहरुलाई संयुक्त रुपमा समिति गठनको लागि समेत अनुरोध गर्न सकिने छ।

**(२)** एक वडा एक उत्पादन कार्यक्रममा कृषि विकास शाखा प्रमुख उक्त सञ्चालक समितिको सल्लाहकारको रुपमा रहने छ र एक वडा एक उत्पादन अन्तरगत पकेट संचालन गरिने कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन पेश गर्दा यथासंभव निजको सहमती रहनेछ।

**(३) एक वडा एक उत्पादन संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः** क) पकेट संचालनका लागि आवश्यक उत्पादन सामग्रीहरुको परिमाण, श्रोत र लागतको अनुमान गर्ने। बाली चक्रको लागी उत्पादन योजना सहितको प्रस्तावना तयार गर्ने।

ख) दुहुँ गाउँपालिका कृषि विकास शाखा को समन्वयमा आवश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने।

ग) एक वडा एक उत्पादन क्षेत्रमा संचालन गरिने कार्यक्रम कार्यान्वियन गर्ने र आवश्यक समन्वयन गर्ने।

घ) एक वडा एक उत्पादनलाई व्यवस्थित रुपमा संचालनका लागी आधार तयार गर्ने, संलग्न कृषक समुह/सहकारी/जल उपभोक्ता समुह/ कृषि उद्यमीहरु लगाएतसंग निरन्तर सम्वाद र सहकार्य गर्ने।

ङ) मासिक रुपमा कृषि सेवा केन्द्र मार्फत गाउँ कार्यपालिकाको कार्यालयमा प्रगति प्रतिवेदन पेश गर्ने।

च) एक वडा एक उत्पादन निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सबै आवश्यक कार्यहरु गर्ने।

छ) संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रुपमा र आवश्यकताअनुसार अन्य समयमा समेत बस्न सक्नेछ। बैठकमा समिति बाहिरका सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ।

ज) एक वडा एक उत्पादन संचालन सम्बन्धि आन्तरिक आचारसंहिता आवश्यक भएमा तयार गरी पालना गर्ने गराउने।

झ) कार्यक्रमको दिगोपनको लागि समितिको अवधि र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधी समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ। तर समितिका पदाधिकारी र सदस्यहरुको पदावधी २ बर्ष भन्दा बढी हुने छैन। समितिले आवश्यक विनियम तयार गरी सोही बमोजिम समितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ। समितिमा एकै परिवारबाट एक भन्दा बढी व्यक्ति रहन सक्ने छैन र एकै व्यक्ती लगातार एक कार्यकाल भन्दा बढी एकै पदमा रहने सक्ने छैन। तर सदस्यको हकमा यो व्यवस्था लागु हुने छैन।

समितिले आवश्यक विनियम तयार गरी सोही बमोजिम समितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ । समितिमा एकै परिवारबाट एक भन्दा बढी व्यक्ति रहन सक्ने छैन । तर सदस्यको हकमा यो व्यवस्था लागु हुने छैन ।

ञ) समिति गठन भएको ६ महिना भित्र उक्त समिति दुहुँ कार्यपालिकाको कार्यालयमा निर्धारित प्रकृया अनुरुप दर्ता हुनु पर्ने छ । उक्त समितिको नियमित नविकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।

ट) एक वडा एक उत्पादन स्तरमा संचालन हुने सम्पुर्ण क्रियाकलाप र आर्थिक कारोवार प्रचलित कानुन बमोजिम व्यवस्थापन गर्ने तथा जिम्मेवारी बहन गर्ने ।

ठ) एक वडा एक उत्पादन क्षेत्रमा उत्पादित बस्तुको मुल्य निर्धारण, बजारिकरण, प्रशोधन लगाएतका क्रियाकलापहरुको मापदण्ड निर्धारण गरी व्यवस्थित गर्ने ।

ड) समिति मार्फत सञ्चालन गरिने आर्थिक कारोबारहरुको लेखा व्यवस्थापन तथा लेखा परीक्षण प्रतिवेदन तयार गर्ने ।

ढ) एक वडा एक उत्पादन क्षेत्रमा आवश्यक अन्य व्यवस्थापकीय कार्यहरु गर्ने ।

**(४)** गाउँपालिकाबाट प्रदान गरिने वस्तुगत सहयोग सामान्यतया पकेट शुरु भएको ३ वर्ष सम्मका लागी कायम रहनेछ । तर सम्बन्धित गाउँ कृषि विकास शाखाले वाली वस्तुको प्रकृति र आवश्यकताका आधारमा अवधि थप समेत गर्न सक्नेछ ।

**१६. संचालन गरिने कार्यक्रम**

**(१) एक वडा एक एक उत्पादनलागि अभिमुखिकरणः** दुहुँ कार्यपालिका कार्यालयले पकेट क्षेत्रका कृषक, कृषक समुह, कृषि सहकारी, जल उपभोक्ता समूह, कृषि उद्यमी, कृषि उपज बजार व्यवस्थापन समिति, नीजि सेवा प्रदायक लगाएत अन्य सरोकारवाला निकायहरुको उपस्थितिमा एक वडा एक उत्पादन (पकेट) संचालन सम्बन्धमा गाउँस्तर र सम्बन्धित एक वडा एक उत्पादन स्तरमा अभिमुखिकरण कार्यक्रम संचालन गर्नेछ ।

**(२) चालु तथा पूँजिगत अनुदान कार्यक्रम**

क) चालु अनुदानः दुहुँ पालिकाले सम्बन्धित एक वडा एक उत्पादन क्षेत्रमा सहभागितात्मक नविन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम लगाएतका प्रविधि हस्तान्तरणका कार्याक्रम संचालन गर्नेछ । प्रविधि हस्तान्तरणमा सत प्रतिशत अनुदान रहनेछ ।

ख) उत्पादन सामाग्री सहयोगः दुहुँ गाउँगाउँपालिकाले सम्बन्धित (पकेट) क्षेत्रका लागि उन्नत वीउ/वेर्ना/विरुवा/माछा भुरा/रासायनिक एवं जैविक विषदी/ रासायनिक तथा प्राङ्गारिक मलजस्ता उत्पादन सामग्री सहयोग गर्नेछ । उपरोक्त बमोजिमका उत्पादन सामाग्रीहरुमा दुहुँ गाउँपालिकाको तर्फबाट ५० प्रतिशत अनुदान सहयोग हुनेछ भने रसायनिक तथा प्राङ्गारिक मलको हकमा विद्यमान व्यवस्था बमोजिमको अनुदान सहयोग रहनेछ ।

ग) अन्य कार्यक्रमहरुः यसका अलावा एक वडा एक उत्पादन संचालक समितिको माग र स्थानीय संभाव्यताका आधारमा परियोजना दस्तावेजको मर्म अनुरुपका अन्य चालु खर्च अन्तर्गतका कार्यक्रमहरु समेत तर्जुमा गरी संचालन गरिनेछ । जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिनेछ । परियोजना दस्तावेजमा स्वेच्छिक रुपमा जमिनको एकिकरण गर्ने अवधारणा अवलम्बन गरिएको सन्दर्भमा बार्षिक बजेट तथा कार्यक्रम उल्लेख गरि जमिनको एकिकरणको लागि उत्प्रेरित गर्न अनुदानको व्यवस्था गरिनेछ ।

घ) अन्य कार्यक्रमसँग समन्वय गर्न सकिनेः एक वडा एक उत्पादन कार्यक्रमलाई प्रभावकारी र दीगो सञ्चालन गर्न आवश्यकता र सम्भावना हेरी पकेट विकासका क्षेत्रमा काम गर्ने प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमसँग समन्वय र साझेदारीमा समेत सञ्चालन गर्न सकिने छ ।

**१७. पूँजीगत अनुदानः** पूँजीगत अनुदान वापत प्रत्येक एक वडा एक उत्पादनका लागि निश्चित बजेट विनियोजन गरिनेछ । विनियोजित

बजेटको परिधिभित्र रही पूँजिगत आवश्यकताका क्षेत्रहरु जस्तै मेशिनरी औजार, सिँचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार, प्रारम्भिक प्रशोधन पूर्वाधारहरु Threshing floor, storage house, collection center लगाएत पूर्वाधार विकासमा खर्च गर्न सकिनेछ। यस्ता प्रकृतिका पूँजिगत कार्यक्रमहरु संचालन गर्दा मेशिनरी औजारको लागि बढीमा ५० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत, साना सिँचाई पूर्वाधारमा बढीमा ८५ प्रतिशत र उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत दुहुँ गाउँपालिकाको तर्फबाट अनुदान उपलब्ध गराउन सकिनेछ।

**१८. कार्यक्रम अनुगमन/प्रतिवेदन**

**(१)** गाउँभित्र रहेका एक वडा एक उत्पादन क्षेत्रहरुमा संचालित कार्यक्रमको आवश्यकता अनुसार अनुगमन दुहुँ गाउँपालिकाका कृषि/पशु विकास शाखा, प्रमुख प्रसाशकीय अधिकृत र अध्यक्षले गर्न सक्नेछ।

**(२)** विषयगत शाखाहरुले आ–आफ्नो कार्य क्षेत्रभित्रका बाली/वस्तुका पकेटहरुको अनुगमन निरिक्षण गरी पृष्टपोषण सहित कृषि/पशु विकास शाखा मार्फत अनुसुची-४ बमोजिम कार्यपालिकामा प्रतिवेदन/सुझाव दिनेछन।

**(३)** मासिक, चौमासिक र वार्षिक रुपमा तोकिएको फर्मेट बमोजिमको पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमहरुको प्रगति विवरण दुहुँ कृषि/पशु विकास शाखाले अध्यक्ष समक्ष पेश गर्नेछ। चौमासिक र वार्षिक रुपमा पकेट विकास कार्यक्रमको गाउँस्तरमा समिक्षा गरिनेछ।

**१९. विविध**

(१) यस कार्यविधीमा उल्लेख भएका बाहेक अन्य कुराहरु विद्यमान नर्म्स, कार्यविधी, निर्देशिका र प्रचलित नियम कानून बमोजिम हुनेछ।

**(२)** आगामी बर्षहरुमा थप हुने एक वडा एक उत्पादन क्षेत्रको संख्या र एक वडा एक उत्पादन क्षेत्रहरुमा रहने बाली/बस्तु सम्बन्धी अन्य विषयवस्तुहरु दुहुँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**(३)** आवश्यकता अनुसार कार्यबिधिमा संशोधन गर्न सकिने छ।

अनुसूची – १

(नियम ४ को २ सँग सम्बन्धित)

पकेट विकास कार्यक्रम सम्बन्धी सूचना।

मितिः .................

यस गाउँपालिकाको आ.ब.२०७९/०८० को बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम अनुसार दुहुँ गाउँपालिकामा एक वडा एक उत्पादन कार्यक्रम, अन्तर्गत ........................................................................................ कार्यक्रम संचालनका लागी ब्यक्ति/समूह/संस्थाहरुवाट निवेदन संकलन गरिने हुँदा आजको मितिबाट १५ दिन भित्र निवेदन दर्ता गराउन हुन सूचना प्रकाशित गरिएको छ। संलग्न गर्नु पर्ने कागजातहरुः

१. निवेदन

२. वडाको सिफारिस

३. योजना प्रस्ताव

४. समूहको प्रमाणपत्रको प्रतिलिपी

५. अन्य आवश्यक कागजातहरु

अनुसूची – २
(नियम ४ को उपनियम ३ सँग सम्बन्धित)

अनुदानका लागि पेश गर्ने प्रस्तावको (नमुना)

मितिः.............................

विषयः कार्यक्रम प्रस्ताव पेश गरिएको सम्बन्धमा

श्रीमान अध्यक्षज्यू,
दुहुँ गाउँपालिका, हिकिला

महोदय, तहाँ गाउँपालिकाबाट मिति................................मा प्रकाशित सुचना अनुसार सञ्चालन हुन लागेको ..........................................................................कार्यक्रमको उद्धेश्य, लागत, समयावधी, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान सहयोग उपलब्ध गराईदिन हुन अनुरोध गर्दछौं/छु ।

प्रस्तावको विवरणः

१. प्रस्तावकको नामः
२. कार्यक्रम सञ्चालन गर्ने ठेगानाः टोल...................वडा नं.................पा.गा.................
३. प्रस्तावित योजनाको मुख्य उद्धेश्यः
४. उत्पादन गरिने मुख्य बालीबस्तुः/
५. बालीबस्तु उत्पादन गरिने स्थानको क्षेत्रफलः/
६. उत्पादकत्वः क) हालको उत्पादकत्व (बाली.........................................बस्तु/
ख) कार्यक्रम सञ्चालन पश्चातको उत्पादकत्व(बाली/बस्तु.........................................
७. रोजगारी सिर्जना हुने संख्याः
८. प्रस्तावित कार्यक्रमको भौगोलिक तथा प्राविधिक उपयुक्तताः
९. अनुभवः (प्रस्तावकले फाराममा उल्लेख नभएका विवरण तालिम, आवश्यक पूर्वाधार, वातावरणमैत्री, मुनाफा जनक आदि कुराहरु एक पेज जति लेख्नुपर्नेछ । )

१०. योजना सञ्चालनका लागि गरिने क्रियाकलाप तथा अनुमानित लागत रकम

| सि.न. | सञ्चालन गरिने आवश्यक क्रियाकलाप | परिमाण | प्रति इकाई दर | कुल जम्मा रकम रु. | सहभागिता रकम रु. | माग गरेको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | |

११. आयोजना सञ्चालनमा सहभागीहरु विवरणः

| क्र.सं. | निबेदक/उपभोक्ताहरुको नाम | पद | ठेगाना | घरपरिवार संख्या | क्षेत्रफल | दस्तखत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निबेदक

कृषक/कृषि समूह/ उद्यमी/अध्यक्ष/सञ्चालकको

हस्ताक्षरः

नामः

पदः

सम्पर्क फोन नं.

मितिः

संस्थाको छापः

अनुसूची – ३

(नियम ४ को उपनियम ३ संग सम्बन्धित)

सहभागी छनौटका आधारहरु

क. प्रस्ताव मूल्याँकनको आधार

| क्र.सं. | मूल्याङ्कका आधार | पूरा अंक | प्राप्त अंक |
|---|---|---|---|
| १ | कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित हुने संख्या(समूह/सहकारी/संस्था/समिति/फर्म आदि) | २० | |
| २ | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/संख्या | १० | |
| ३ | सामाजिक तथा लैंगिक सहभागिता महिला/पुरुष/दलित | १० | |
| ४ | प्रस्तावित कार्यले उत्पादन बृद्धिमा पुग्ने सहयोग | १० | |
| ५ | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारी | १० | |
| ६ | प्रस्तावित बाली/वस्तुको भौगोलिक तथा प्राविधिक उपयुक्तता | ५ | |
| ७ | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएका समूह/सहकारी/संस्था/फर्म | ५ | |
| ८ | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिणाम र प्रतिबद्धता | ५ | |
| ९ | प्रस्तावित बाहेक परियोजनाबाट अप्रत्यक्ष लाभान्वित हुने संख्या | ५ | |
| १० | प्रस्तावित कार्यको सृजनात्मकता एवम् नवीनता | ५ | |
| ११ | आबेदनको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ | |
| १२ | प्रस्तावित कार्य कृषकको माग एवं आवश्यकता अनुरुप रहेको/नरहेको | १० | |
| | जम्मा अंक | १०० | |

नोटः कार्यक्रमको प्रकृति अनुरुप छनौट समितिले मूल्याङ्कको आधारहरु आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण गरी मूल्याङ्कन गर्न सक्ने छ ।

अनुसूची – ४

(नियम १८ संग सम्बन्धित)

मासिक/त्रैमासिक/बार्षिक प्रगती प्रतिबेदन

१. एक वडा एक उत्पादन पकेट विवरणः

| क्र.सं. | समूह/संस्था/फर्मको नाम | वडा नं. | बाली/बस्तु | उत्पादित परिमाण | पकेट सञ्चालकको हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२. एक वडा एक उत्पादनमा सकारात्मक अअभ्यासहरुः

३. एक वडा एक उत्पादनमा देखिएका समस्याहरुः

४. सुधारका लागि गरिएका प्रयासहरुः

५. सुझाव सल्लाह/

प्रतिबेदकको हस्ताक्षर

प्रतिबेदनको लागि आवश्यक भएमा थप पाना प्रयोग गर्न सकिने छ ।

आज्ञाले,

भूपेन्द्रसिंह बडाल

प्रमुख प्रशासकीय अधिकृत